282

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ३६५/२०७१/०७२

काठमाडौं बस्ने ई विमल अर्याल ........................................................................१ निवेदक

**विरूद्ध**

सूचना अधिकारी, सैनामैना नगरपालिका, रुपन्देही ........................................................१ विपक्षी

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्ने ।**

काठमाडौं बस्ने ई विमल अर्यालले सैनामैना नगरपालिका, रुपन्देही समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७१।१२।२६ मा निवेदन गरेकोमा यस आयोगको मिति २०७१।१२।२९, च.नं. ८१४ को पत्रबाट निज निवेदकलाई नेपाली नागरिकको परिचय खुल्ने छायाँकपी र कार्यालय प्रमुख समक्ष पेश गरेको निवेदनको छायाँकपी समेत पेश गर्नु भनी पत्राचार भई कारवाही प्रक्रियामा रहेको अवस्थामा सैनामैना नगरपालिका, रुपन्देहीको मिति २०७२।०१।१०, च.नं. ९८५८ को पत्रबाट निज निवेदकलाई सूचना उपलब्ध गराइएको भनी यस आयोगमा बोधार्थ समेत प्राप्त भएको । यस सम्वन्धमा निवेदकले माग गरेको सूचना नपाएको भनी पुनः निवेदन/पुनरावेदन गरेका बखत कारवाही प्रक्रिया अगाडी बढाउन सकिने नै हुँदा हाललाई यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।